**निर्णय नं. १**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आ.व. २०७६/०७७ को लागि जि.स.स.लाई प्राप्त निशर्त अनुदानको अख्तियारी रकमको बारेमा प्रस्तुत भई जानकारी भयो । अख्तियारी बमोजिमको बजेट तथा अन्य निकाय / स्रोतबाट प्राप्त हुने बजेटलाई देहाय बमोजिम विनियोजन गरी खर्च गर्ने निर्णय गरीयो ।

| सि. नं | शिर्षक | आ.व. ०७६/७७ को विनियोजन | कैफियत |
|---|---|---|---|
| १ | **केन्द्रिय अनुदान (निशर्त चालू अनुदान)** | **१,२०,४६,०००।००** | |
| (क) | कर्मचारी/पदाधिकारी तलब पारिश्रमीक तथा विभिन्न भत्ता : | **८३,९२,०००।००** | |
| अ) | पदाधिकारी सुविधा/पारिश्रमीक | २२,७९,०००।०० | |
| आ) | कर्मचारी तलब भत्ता | ५८,१३,०००।०० | |
| इ) | बैठक भत्ता | ३,००,०००।०० | |
| (ख) | करार सेवा शुल्क (निजी सचिवालय) | ४,२६,०००।०० | |
| (ग) | अनिवार्य दायित्व सहीतको कार्यालय संचालन खर्च (पानी, विजुली, संचार महशुल, ईन्धन, मर्मत, सवारी नविकरण, मसलन्द, विविध खर्च समेत) | २१,७८,०००।०० | |
| (घ) | कार्यक्रम खर्च (समिक्षा बैठक, जिल्ला सभा सहित) | ४,५०,०००।०० | |
| (ङ) | अनुगमन तथा भ्रमण खर्च | ६,००,०००।०० | |
| २ | **गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | **५,००,०००।००** | |
| ३ | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | **६,००,०००।००** | |
| ४ | **जि.स.स. मौज्दात कोष प्रशासनिक खर्च वापत् गत आ.व.को मौज्दात रकम** | **१,२३,४५८।००** | |
| ५ | **२०७४/७५ सम्मको मौज्दातकोष कार्यक्रम (२०७५/१०/१५ को सभाको निर्णयानुसार)** | **११,१०,९५,७४४।७६** | |
| ६ | **जिल्ला समन्वय समितिको आन्तरिक आय (२०७५/७६ को मात्र)** | **९९,१८,६९८।००** | |
| ७ | **२०७४/७५ को म.ले.प. प्रतिवेदन अनुसार राजश्व र संचित कोष दाखिला गर्नुपर्ने** | **२२,६१,०६०।९०** | |
| ८ | **सेवा निवृत्त कर्मचारीको सुविधा वापत् विनियोजन** | **१,००,००,०००।००** | |
| ९ | **गरिव सँग विश्वेश्वर कार्यक्रम (जिल्ला समन्वयकर्ता तलब/चाडपर्व खर्च)** | **२,९९,०००।००** | |
| | **कूल जम्मा** | **१४,६८,४३,८८१।६६** | |

**नोट :**

आ.व. ०७६/७७ को लागि पेश भएको उल्लेखित प्रस्तावित बजेटलाई स्वीकृत गरी निम्न सि.नं. का बजेटमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) माथि सि.नं. १ (ग) र सि.नं. ४ मा स्वीकृत बजेटलाई जि.स.स.को बैठकले आवश्यकता अनुसार विनियोजन गरी खर्च गर्ने ।

(ख) सि.नं. ३ मा स्वीकृत रकमलाई स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको स्वीकृत नियमावली अनुसार जि.स.स. बैठकले विनियोजन गरी खर्च गर्ने ।

(ग) सि.नं. ५ मा स्वीकृत बजेटलाई जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरी खर्च र कार्यान्वयन गर्ने ।

(घ) सि.नं. ६ मा स्वीकृत बजेटलाई निर्णय नं. ८ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त हुन आउने सहमती अनुसार जि.स.स. बैठकले कार्यक्रम बनाई खर्च गर्ने ।

**निर्णय नं. २**

आ.व. २०७४/७५ सम्मको मौज्दात कोष कार्यक्रम अन्तरगतको रू.११ करोड १० लाख ९५ हजार ७ सय ४४ रुपैयाँ ७६ पैसा मध्ये २०७५/१०/१५ को तेस्रो जिल्ला सभाले निर्णय गरे अनुसार पालिकाहरूलाई छुट्याईएको सिलिङ्ग रकम रू.८,८०,००,०००।०० घटाउँदा बाँकी रहन जाने रकम रू.३,५६,९५,७४४।७६ मध्ये रू.२ करोड ५० लाख जिल्ला समन्वय समितिको भवन, सभा कक्ष, अतिथीगृह, आवास गृह, प्राङ्गणको मर्मत सम्भारको कार्यमा जिल्ला समन्वय समितिबाट खर्च गर्ने र जिल्ला समन्वय समितिको कार्यालय प्रवेश गर्ने मूल सडकमा पीच गर्ने कार्य व्यास नगरपालिकाले गर्ने तथा बाँकी रकम पालिकहरूको जनसंख्या, भूगोल र पालिकाको आम्दानीको आधारमा जि.स.स.मौज्दात कोष संचालन निर्देशिका, २०७५ अनुसारको कार्यक्रम व्यवस्थापन समितिले आवश्यक निर्णय गरी पालिकाहरूलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

नदीजन्य तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन र विक्री सम्बन्धी प्राकृतिक स्रोतहरूबाट पालिकाहरूलाई प्राप्त हुने रकमको १% (एक प्रतिशत) रकम (दोस्रो जिल्ला सभाबाट पारित भएको रकम समेत) १० वटै पालिकाहरूले जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने र सो बमोजिम प्राप्त हुने रकमबाट जिल्ला समन्वय समितिले ५०% (पचास प्रतिशत) रकम अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने कार्यमा खर्च गर्ने र ५०% (पचास प्रतिशत) रकम पालिकाहरूको क्षमता विकासको लागि जिल्ला समन्वय समिति र पालिकाहरूबीच अनुभव आदान प्रदान सम्बन्धी कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

सेवा निवृत कर्मचारीहरूको सेवा निवृत्त सुविधाका सम्बन्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गरी पठाईएकोमा हालसम्म कुनै निर्णय, निर्देशन प्राप्त नभएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

जिल्ला समन्वय समितिमा रहेका सवारी साधन पुरानो भएकोले पटक पटक मर्मत सम्भार गर्नुपर्ने भई खर्च बढेकोले कार्यालयको लागि एक नयाँ सवारी साधन खरिद गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाउन जिल्ला समन्वय समितिलाई सहमतिसहित निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

जिल्ला समन्वय समितिबाट भाडामा लगाइएका टहरा, सटर कोठाहरूमा विगत देखि आ.व. २०७५/०७६ सम्म नयाँ भाडादर (२०७५/०७६ मा निर्धारित) मा भाडामा बसीरहेकाहरूको हकमा आ.व.२०७६/०७७ को अवधिसम्म सम्भौताको म्याद थप गरी नविकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरू लगायत स्थानीय तहको संस्थागत क्षमता विकास नहुँदा स्थानीय तहहरूबाट हुने वस्तु र सेवाको प्रवाहलाई प्रभावकारी बनाउन नसकिएको सन्दर्भमा गा.पा. तथा न.पा.को क्षमता विकास योजनासहित आवश्यक बजेटको व्यवस्था जि.स.स. मार्फत गरिदिन गण्डकी प्रदेश सरकार तथा संघ सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०७५/७६ देखि जि.स.स. लाई आन्तरिक आयबाट प्राप्त हुने रकम जिल्ला सभा मार्फत् अनुगमन, समन्वय, क्षमता विकास र संस्थागत विकास जस्ता कार्यक्रम बनाइ खर्च गर्नका लागि संघीय मामिला तथ सामान्य प्रशासन मन्त्रालयसँग अनुमति, सहमति, स्वीकृति माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

स्थानीय तहहरूबाट स्थानीयस्तरमा संचालित विकासका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूको ड्रइङ, डिजाईन, स्पेशिफिकेशन, नर्म्स तथा निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्रीको मात्रा, स्तर, किसिम, अनुपात र प्रयोगको तरिकामा एकरुपता ल्याई आयोजनाहरूको गुणस्तर, परिमाण, लागत तथा समयमा विविधता आउन नदिन र पूर्वाधार निर्माण कार्यहरूलाई दीगो र गुणस्तरीय बनाउनका लागि पालिकाहरूले **भौतिक पूर्वाधार सम्बन्धी न्यूनतम नर्म्स तथा मापदण्ड** (Minimum Norms and Standards For Physical Infrastructures) तयार गरी जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

जिल्लाभर सञ्चालनमा रहेका विकास निर्माणका योजनाहरूमा पालिकाहरूबाट छुट्याइने कन्टीन्जेन्सीको प्रतिशत रकममा एकरुपता ल्याउन सबै पालिकाहरूले ३% (तीन प्रतिशत) का दरले कन्टीन्जेन्सी रकम छुट्याउने र उक्त रकम मध्ये ५० % (पचास प्रतिशत) प्रशासनिक कार्यको प्रभावकारिता वृद्धिको लागि र ५० % (पचास प्रतिशत) मर्मत सम्भारमा खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

स्थानीयस्तरमा गरिने विकास निर्माणका कार्यहरूमा उपभोक्ता समितिसँग सम्झौता भएपछि उपभोक्ता समिति आफैले कार्य नगरी अरु मार्फत् कार्य गराउँदा सार्थक जनसहभागिता जुटाउन नसकिने अवस्था देखिएकोले सबै स्थानीय तहहरूले प्रतिस्पर्धात्मक लागत सहभागितामा आधारित रोजगार सृजना गर्न सहयोग पुऱ्याउने सहरी, अर्ध-सहरी र ग्रामीण नीति, कार्यक्रम र योजनाहरूमा जोड दिई श्रम, सीप, साधन-स्रोतको प्रयोग गरी सार्थक जनसहभागितासहितको विकास निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य प्राकृतिक स्रोत निशुल्क रुपमा पाउने विकास निर्माणका कार्यहरूको लागत अनुमान तयार गर्दा त्यस्ता सामग्रीमा लाग्ने खर्च (डोजर, लोडर, ट्रयाक्टर, इन्धन, सामग्री खरिद आदिमा लाग्ने खर्च) समावेश नगरी लागत अनुमान तयार गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

संघ, प्रदेश र स्थानीय तहबाट जिल्लामा सञ्चालित योजना, आयोजनाहरूलाई गुणस्तरीय बनाउन जिल्लास्तरमा गुणस्तर परीक्षण प्रयोगशाला आवश्यक देखिएको हुँदा प्रयोगशाला स्थापनार्थ नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

पालिकाहरूले विकास निर्माण कार्यको कार्यान्वयनको लागि लागत अनुमान तैयार गर्दा वातावरणीय जोखिम न्यूनिकरणको लागि निश्चित प्रतिशतको रकम लागत इस्टिमेटमा नै समावेश गरी उक्त रकमबाट वातावरणीय जोखिम न्यूनिकरणका क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

संघ र गण्डकी प्रदेश सरकारबाट स्थानीय तहलाई विनियोजन भएको समानीकरण तथा सशर्त अनुदानको रकम समयमा प्राप्त नहुँदा स्थानीय विकास निर्माण कार्यमा असर पर्ने भएकाले जेष्ठ मसान्त भित्र समानीकरण तथा सशर्त अनुदानको रकम उपलब्ध गराईदिन तथा बैशाख मसान्त भन्दा पछि प्राप्त भएका अख्तियारी, बजेटसँग सम्बन्धित कार्यक्रम र आयोजनाहरूको कार्यान्वयन र अनुगमनमा समस्या हुने हुँदा समयमै (बैशाख महिनाभित्र) अख्तियारी र बजेट पठाइदिन दुबै सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रचलित कानूनको अधीनमा रही पालिकाहरूको आन्तरिक आयको दायरा (क्षेत्र) विस्तार गरी आन्तरिक आय बढाउन नवीन विकल्पहरूको खोजी गर्न पालिकाको वस्तुगत र विकासका तथ्याङ्कको आधारमा विज्ञको समेत सहयोग लिई विश्लेषणात्मक अध्ययन गरी सबै पालिकाहरूले आन्तरिक आय प्रक्षेपण योजना तैयार गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

सबै पालिकाहरूले आफ्नो पालिकाभित्र रहेका सार्वजनिक पर्ति, ऐलानी, गुठी आदि जग्गाको विवरण संकलन गरी अध्यावधिक प्रतिवेदन तयार गर्ने र सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

जि.स.स.को स्वामित्वमा रहेको व्यास न.पा. वडा नं.३ (साविक फराकचौर गा.वि.स. वडा नं.९, देउराली नगर) स्थित कि.नं.३४ र ३५ को २९–९–२–० क्षेत्रफलको जग्गाको सम्बन्धमा दोस्रो जिल्लासभा (२०७५/३/३० र २०७५/४/७) बाट भएको निर्णय सहित अनुमतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरिएकोमा हालसम्म कुनै निर्णय प्राप्त नभएकोले जिल्ला सभाको निर्णयसहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुनः अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १९**

गण्डकी प्रदेश सरकारबाट जारी भएको स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार बमोजिम जिल्ला सभा सञ्चालन कार्यविधि, २०७६ को प्रारम्भिक मस्यौदा तयार गरी राय सुझावको लागि पालिकाहरूमा पठाई प्राप्त सुझावहरूलाई समेत समावेश गरी अन्तिम मस्यौदा तयार गरी छलफल र स्वीकृतको लागि आगामी जिल्ला सभामा पेश गर्न जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. २०

पृथ्वी राजमार्गको दुलेगौडा देखि कोत्रे सम्मको सडक नाजुक अवस्थामा रहेको हुँदा आवागमन, वातावरण, जनस्वास्थ्य र सुरक्षामा प्रतिकुल प्रभाव परेको विषयलाई सडक डिभिजन कार्यालयमा पटक पटक ध्यानाकर्षण गराईएकोमा हाल सम्म समस्या समाधान हुन नसकेको हुँदा अति महत्वपूर्ण तथा अति जरुरी विषयको रुपमा लिई उपरोक्त समस्या प्राथमिकताका साथ समाधान गरिदिनको लागि संघ तथा गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

दमौली जिल्ला अस्पतालबाट प्रदान गरिने सेवा, सुविधालाई अझ प्रभावकारी र व्यवस्थित बनाउन सबै पालिकाहरूले आवश्यक सहयोग पुऱ्याउने निर्णय गरियो ।

निर्णय नं. २२

जिल्लाका विभिन्न ग्रामीण भेगमा हिंस्रक वन्यजन्तु तथा बाँदरले मानवीय लगायत कृषि बालीनालीलाई ठूलो क्षती पुऱ्याउने गरेकोले त्यस्ता हिंस्रक वन्यजन्तु र बाँदरबाट जनधन, बालीनाली जोगाउन डिभिजन वन कार्यालय सँग प्रभावकारी समन्वय गरी उपयुक्त नीति, योजना, कार्यक्रम बनाई कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नं. २३

सहरी स्वास्थ्य केन्द्रबाट सञ्चालित कार्यक्रमहरू अत्यन्तै प्रभावकारी देखिएको तथा केन्द्रमा कार्यरत कर्मचारीहरूको तलब सुविधा तथा केन्द्र संचालानार्थ आवश्यक खर्च समेत समयमा उपलब्ध नहुँदा केन्द्र सञ्चालनको निरन्तरतामा असहज अवस्था आएकोले बजेट र थप कार्यक्रमको व्यवस्था सहित सहरी स्वास्थ्य केन्द्रको संचालनलाई निरन्तरता दिनको लागि संघ र गण्डकी प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

जिल्ला समन्वय समितिका सदस्यको मर्यादाक्रम हाल सम्म उल्लेख नभएकोले मर्यादाक्रम उल्लेख गरिदिनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ (ञ) मा व्यवस्था भए बमोजिम जिल्ला भित्र आ.व. २०७५/०७६ मा सञ्चालन भएका विकास निर्माण कार्यहरुको सम्बन्धमा २०७६ भाद्र महिनाको चौथो हप्ता वार्षिक समीक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

आज मिति २०७६/४/२८ गते मंगलबारको दिन जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शन्तिरमण वाग्ले ज्यूको अध्यक्षतामा देहायका जिल्ला सभा सदस्यहरु तथा आमन्त्रित सहभागीहरूको उपस्थितीमा जिल्ला सभा बैठक बसी देहायबमोजिमको निर्णय गरियो ।

उपस्थिती :

| | | | |
|---|---|---|---|
| १. श्री शान्तिरमण वाग्ले | प्रमुख, | जि.स.स. | (अध्यक्ष) |
| २. श्री बैकुण्ठ न्यौपाने | प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| ३. श्री उदयराज गौली | प्रमुख, | भानु न.पा. | (सदस्य) |
| ४. श्री किसान गुरुङ | प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| ५. श्री मेख बहादुर थापा | प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| ६. श्री राजेन्द्रकृष्ण श्रेष्ठ | अध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| ७. श्री माया राना | अध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| ८. श्री गिर बहादुर थापा | अध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| ९. श्री पूर्ण सिंह थापा | अध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| १०. श्री रन बहादुर राना | अध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| ११. श्री दुर्ग बहादुर थापा | अध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| १२. श्री मिरा जोशी | उप-प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| १३. श्री सविता रसाईली | उप-प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| १४. श्री आशा थापा | उप-प्रमुख, | भानु न.पा. | (सदस्य) |
| १५. श्री शारदा खनाल | उप-प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| १६. श्री गिनु माया थापा | उपाध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| १७. श्री बालकृष्ण घिमिरे | उपाध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| १८. श्री पुष्पा देवी श्रेष्ठ | उपाध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |

**उपस्थिती : ....**

| | | | |
|---|---|---|---|
| १९. श्री करुणा गुरुङ | उपाध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| २०. श्री सरस्वती घिमिरे (सिग्देल) | उपाध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| २१. श्री विमला थापा | उपाध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| २२. श्री प्रेम राज गिरी | जि.स.अ., | जि.स.स.का. | (सदस्य-सचिव) |
| २३. श्री उदय बहादुर पराजुली | नि. जि. स. अ. | जि. स. स. का. | (सदस्य - सचिव) |

**उपस्थित सदस्यहरु :**

| | | |
|---|---|---|
| १. श्री पवित्रा देवी पौडेल | उप-प्रमुख, | जि.स.स., तनहुँ |
| २. श्री निल बहादुर थापा | सदस्य, | जि.स.स., तनहुँ |
| ३. श्री केश बहादुर सुनार | सदस्य, | जि.स.स., तनहुँ |
| ४. श्री अर्जुन बहादुर अधिकारी | सदस्य, | जि.स.स., तनहुँ |
| ५. श्री गल बहादुर गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| ६. श्री धनीमाया थापा | सदस्य, | जि.स.स., तनहुँ |
| ७. श्री दिव्यश्वरी वि.क. | सदस्य, | जि.स.स., तनहुँ |
| ८. श्री सरस्वती गौतम | सदस्य, | जि.स.स., तनहुँ |

**उपस्थित कर्मचारीहरू :**

| | | |
|---|---|---|
| १. श्री उदय बहादुर पराजुली | शाखा अधिकृत | जि.स.स.का., तनहुँ |
| २. श्री विनोद गौतम | लेखापाल | जि.स.स.का., तनहुँ |
| ३. श्री नर बहादुर सार्की | ना.सु. | जि.स.स.का., तनहुँ |
| ४. श्री एक बहादुर राना मगर | खरिदार | जि.स.स.का., तनहुँ |
| ५. श्री युवराज आले मगर | निजी सचिव | जि.स.स.का., तनहुँ |
| ६. श्री दिल बहादुर राना मगर | का.स. | जि.स.स.का., तनहुँ |
| ७. श्री गौतम काफ्ले | का.स. | जि.स.स.का., तनहुँ |